कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं १, नेपाल

# सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनोट सम्बन्धी कार्यबिधि, (पहिलो संशोधन) २०७९

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ्ग

* पहिलो संशोधन

# सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनोट सम्बन्धी कार्यबिधि,२०७९

कार्यपालिकाबाट स्विकृत मितिः २०७९/६/७
अध्यक्षबाट प्रमाणित भएको मिति २०७९/६/७
पहिलो संशोधन २०७९/१०/१०

**प्रस्तावनाः** यस गाउँपालिका भरका सामुदायिक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको काम गर्न प्रधानाध्यापक नियुक्ति गर्नुपर्ने भएकोले यस कार्यलाई सहज सँग,मर्यादित,शान्तिपूर्ण र बिबादरहित ढंगले सम्पन्न गर्ने उद्देश्यले शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९३ बमोजिम प्रधानाध्यापक नियुक्ति गर्ने प्रयोजनको लागि स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ११ उपदफा २.ज (११) को अधिकार क्षेत्र भित्र रही दफा १०२ को उपदफा २ अनुसार यो कार्यविधि तयार गरी लागू गरिएको छ।

**लागू हुनेः** यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।
**लागू हुने क्षेत्रः** यो कार्यविधि यसै कटहरी गाउँपालिका भर लागू हुने गरी तयार गरिएको हो।

**संक्षिप्त नाम र परिभाषाः**

*१) "समिति" भन्नाले यस गाउँपालिका भरका कुनै पनि सामुदायिक विद्यालयमा प्रधानध्यापक नियुक्ति गर्न सम्बन्धित विद्यालयमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९६ क १ बमोजिम वा कटहरी गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा ३३ को उपदफा २ बमोजिम गठन भएको शिक्षक छनोट समिति बुझ्नुपर्छ। तर,

विद्यालयले प्र. अ. छनोट गर्न तत्परता नदेखाएमा वा अटेर गरेमा देहाय बमोजिमको समितिले प्रधानध्यापक छनोट समितिको काम गर्न सक्नेछ।

क. शिक्षा शाखा प्रमुख - संयोजक

ख. विषय विज्ञ २ जना (कम्तीमा १ जना हुनुपर्ने) - सदस्य

देवराज चौधरी
अध्यक्ष

* पहिलो संशोधन

गं प्रमुख प्रशासकीय अधिकृतले तोकेको सामान्य प्रशासन शाखा प्रमुख १ - सदस्य सचिव

*२) "विद्यालय व्यवस्थापन समिति" भन्नाले शिक्षा ऐन २०२८ को दफा १२ बमोजिमको समिति वा दफा १२ क (२) बमोजिमको समिति वा कटहरी गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा १६ को उपदफा ७ बमोजिमको समिति बुझ्नुपर्छ ।

३) "अध्यक्ष" भन्नाले विद्यालय व्यवस्थापन समितिका बर्तमान अध्यक्ष बुझ्नुपर्छ।

३) " शिक्षा विकास तथा समन्वय इकाई प्रमुख " भन्नाले शिक्षा विकास तथा समन्वय इकाई ,मोरङका कार्यरत शिक्षा विकास तथा समन्वय इकाई प्रमुख भनेर बुझ्नुपर्छ। शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९३ (९) र अनुसूची १३ मा उल्लेख भएको " जिल्ला शिक्षा अधिकारी" भन्नाले हालको " शिक्षा विकास तथा समन्वय इकाई प्रमुख " भनेर बुझ्नुपर्छ।

४) " शिक्षा शाखा प्रमुख" भन्नाले कटहरी गाउँपालिका शिक्षा शाखामा कार्यरत अधिकृतहरु मध्ये जेष्ठतम अधिकृत बुझ्नुपर्छ। शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९६क (१).ख मा उल्लेख भएको " सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक भन्नाले हालको " शिक्षा शाखा प्रमुख" भनेर बुझ्नुपर्छ।

५) "गाउँपालिका" भन्नाले कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय भनेर बुझ्नुपर्छ।

६) "भौगोलिक इकाई " भन्नाले सम्पूर्ण कटहरी गाउँपालिका भनेर बुझ्नुपर्छ।

७) " परीक्षा " भन्नाले शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९३ बमोजिम प्रधानाध्यापक नियुक्ति गर्न अपनाइने सम्पूर्ण अंकन र मूल्य निर्धारण प्रकृयाहरु बझ्नुपर्छ।

देवराज चौधरी
अध्यक्ष

* पहिलो संशोधन



CamScanner

गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ प्रदेश नं १, नेपाल

देवराज चौधरी
अध्यक्ष

## सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक नियुक्ति गर्न अपनाइने प्रकृयाहरु

१) यस नियम बमोजिम प्रधानाध्यापक नियुक्ति गर्नका लागि गाउँपालिकाबाट सम्बन्धित विद्यालयले अनुमति लिएको हुनुपर्ने वा गाउँपालिका स्वयमले प्रधानाध्यापक नियुक्ति गर्नका लागि विद्यालयलाई पत्राचार गरेको हुनुपर्छ।

२) सम्बन्धित विद्यालयमा दरबन्दीमा रहेका र शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९३ बमोजिम उपनियम २ बमोजिम योग्यता पुगेको शिक्षक मात्र प्रधानाध्यापक पदको उम्मेदवार हुन सक्नेछन् ।

तर सम्बन्धित विद्यालयमा योग्यता पुगेका उम्मेदवार उपलब्ध नभएमा वा उम्मेदवारहरुबाट तोकिएको म्याद भित्र दरखास्त नपरेमा गाउँपालिका भरका अन्य विद्यालयहरुका शिक्षकहरु बाट समेत दरखास्त लिन सकिनेछ।

क) अन्य विद्यालयमा कार्यरत शिक्षकलाई प्रधानाध्यापक नियुक्ति गर्नुपरेमा निजको पदाधिकार साबिककै विद्यालयमा राखी हालको विद्यालयमा काजमा खटाइनेछ।

ख) बुँदा (क) अनुसार प्रधानाध्यापक खटिई आएको शिक्षकको साविकको विद्यालयमा हालको विद्यालयबाट एक जना शिक्षक काजमा खटाउने ब्यबस्था गर्न सकिनेछ।

यसरी शिक्षक एकअर्को विद्यालयमा खटाउँदा सम्भव भए सम्म समान तहको शिक्षकलाई आपसी सरुवा गरी कामकाजमा खटाइनेछ। समान तहको दरबन्दीका शिक्षक उपलब्ध नभएमा विद्यालयको कुल दरबन्दी संख्या घटबढ नहुने गरी कम्तीमा एक तह मुनिको शिक्षक समेत कामकाजमा खटाई पठनपाठनको ब्यबस्था मिलाउनुपर्ने छ।

यसरी कुनै विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको ब्यवस्थापनमा सुधार गर्नका लागि प्रधानाध्यापक नियुक्ति गर्ने प्रयोजनका लागि एकअर्को विद्यालयमा शिक्षक खटाउँदा विद्यालयहरुको सहमति विना नै गाउँपालिकाले कामकाज गर्न खटाउन सक्नेछ।

*ग(क)प्राथमिक तहमा प्रधानध्यापक पदमा नियुक्तिको लागि शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९३ (२) मा तोकिएको योग्यता पुगेका शिक्षक सम्बन्धित विद्यालयमा उपलब्ध नभएमा एस एल सि वा सो सरह उत्तिर्ण गरी १० महिने तालिम प्राप्त गरेको र कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको व्यक्तिले प्रधानध्यापक पदमा उम्मेद्वार हुन पाउने ।

*ग (ख) निम्न माध्यममिक तहको हकमा प्रधानध्यापक पदमा नियुक्तिको लागि शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९३ (२) मा तोकिएको योग्यता पुगेका शिक्षक सम्बन्धित

देवराज चौधरी
अध्यक्ष

* पहिलो संशोधन



CamScanner

देवराज चौधरी
अध्यक्ष

विद्यालयमा उपलब्ध नभएमा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरी कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको व्यक्तिले प्रधानध्यापक पदमा उम्मेद्वार हुन पाउने ।।

३) शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९३ उपनियम ३ बमोजिम विद्यालय व्यवस्थापन समिति समक्ष दरखास्त दिनुपर्ने र संकलित दरखास्तहरु विद्यालय व्यवस्थापन समितिले शिक्षक छनोट समिति समक्ष पठाउनु पर्नेछ।

४) शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९३ उपनियम ५ बमोजिम प्रधानाध्यापक नियुक्तिका लागि शिफारिस भए अनुसार सोहि नियमको उपनियम ६ वा ७ बमोजिम उपनियम ८ बमोजिमको अवधिको लागि प्रधानाध्यापकमा नियुक्ति गर्नुपर्ने छ। तर कार्यरत प्रधानाध्यापकको हकमा भने उपनियम १६ बमोजिम अवस्थामा प्रधानाध्यापक पदमा कायमै रहन सक्नेछन्।
तर अन्यत्र जेसुकै लेखिएको भएता पनि शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९३ उपनियम ९ बमोजिमको अवस्थामा बाहेक निजले पेश गरेको विद्यालय विकास प्रस्तावको गाउँपालिका शिक्षा शाखा द्वारा आवधिक/बार्षिक/मध्यावधि मूल्याङ्कन गर्दा कम्तीमा ५०% प्रगति भएको नपाइएमा निजलाई प्रधानाध्यापक पदबाट गाउँपालिकाले जहिलेसुकै हटाउने प्रकृया अघि बढाउन सक्नेछ।

५) शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९६क उपनियम १(ग) बमोजिम बिद्यालय व्यवस्थापन समितिले सूचीकृत विज्ञहरु मध्ये पाँच जना विज्ञहरु छनौट गरी गाउँपालिकामा सिफारिस गरि पठाउनुपर्नेछ र यसरी विद्यालयले पठाएका पाँच जना विज्ञहरुमध्येबाट २ जना विज्ञ गाउँपालिकाले तोके बमोजिम मनोनयन हुनेछ ।यसो गर्दा विद्यालय व्यवस्थापन समितिले परीक्षाको गोपनीयता र परीक्षा सन्चालनमा सहजता समेतलाई मध्यनजर गर्दै कटहरी गाउँपालिका शिक्षा शाखा सँग समन्वय गर्नु पर्ने छ।

६) छनोट परीक्षाको सम्पूर्ण खर्च बिद्यालयले ब्यहोर्नु पर्ने छ।

७) प्रधानाध्यापक पदमा नियुक्ति गर्न विद्यालयले बिज्ञापन गर्नु पर्ने छ। बिज्ञापनको अवधि कम्तीमा १५(पन्ध्र) दिन हुनु पर्नेछ। खुला बिज्ञापन गर्दा आवेदन गरेका तर छनोट समिति द्वारा अस्वीकृत गरिएका आवेदनहरुको हकमा आवेदकलाई आवेदन दस्तुर रकम फिर्ता गर्नुपर्ने छैन। साथै आवेदन अस्वीकृत भएका उम्मेदवारहरुलाई परीक्षा (प्रतिष्पर्धा)मा सामेल गराइने छैन।

८) (क) विज्ञापनको १/१ प्रति बिद्यालयमा टाँस गरी गाउँपालिकाको सूचना पाटीमा, गाउँपालिकाको आधिकारीक फेसवुक पेजमा, वेवसाइट तथा सम्वन्धित वडा कार्यालयको सूचना पाटीमा (शिक्षा शाखाका कर्मचारीको रोहबरमा) समेत टाँस गरेको हुनुपर्नेछ।बिज्ञापन गर्ने कार्य बिंद्यालय ब्यबस्थापन समितिले तथा आवेदन स्वीकृत गर्ने कार्य छनोट समितिले गर्नुपर्ने छ।

देवराज चौधरी
अध्यक्ष

* पहिलो संशोधन

CamScanner

(ख.) बिद्यालयले परीक्षा सन्चालनको मिति,समय र स्थानको जानकारी परीक्षा शुरु हुनु कम्तीमा २४ घन्टा पूर्व नै एस. एम. एस.,फोन सम्पर्क (उपलब्ध भएमा) र बिद्यालयको सूचना पाटीमा टाँस गरेर सबै उम्मेदवारलाई दिनुपर्नेछ। तर सूचना पाएर पनि अनुपस्थित भएको कुनै पनि उम्मेदवारको कारण परीक्षा रोकिने छैन।

९) परीक्षालाई बिश्वसनीय बनाउन यथासंभव एक भन्दा बढी परीक्षकबाट मूल्याङ्कन कार्य गर्ने प्रबन्ध गर्नु पर्नेछ। समितिले अनुसूची -४ बमोजिमको अंकलाई प्राप्ताङ्क मानी मेरिटका आधारमा कुल प्राप्ताङ्क कम्तीमा ६० (साठी)भएका उम्मेदवारहरु मध्ये उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकमा शिफारिस गरी नतिजा प्रकाशन गर्नु पर्नेछ। तर प्राप्ताङ्क बराबर भएमा भने क्रमशः महिला ,दलित र अपाङ्ग उम्मेदवारलाई शिफारिस गर्नुपर्ने छ।

१०) शिक्षा शाखा प्रमुखले छनोट समितिको सदस्यका साथै परीक्षा केन्द्र, मिति तोक्ने ,परीक्षाका बिधि र प्रकृया लगायतका संयोजनकारी भूमिका समेत निर्वाह गर्नु पर्नेछ। परीक्षाको अनुगमन कार्य सम्बन्धित वडाको वडा अध्यक्ष ,प्रमुख प्रशासकिय अधिकृत वा उपाध्यक्ष वा अध्यक्षले वा सामूहिक रुपमा गर्न सक्नेछन्।

११) शिक्षक छनोट समितिले कार्यलाई ब्यबस्थित र सहज गर्न शिक्षा नियमावलीले तोकेको ढाँचामा फरक नपर्ने गरी फाराम/ फरमेट हरु विकास गरी काम कारवाही अगाडि बढाउन सक्ने छ।

१२) विद्यालय व्यवस्थापन समितिले यस प्रधानाध्यापक नियुक्ति सम्बन्धी कुनै निर्णय लिनु पर्दा संभव भए सम्म सर्वसम्मत निर्णय गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्य संख्याको बहुमतले निर्णय लिनुपर्ने छ। शिक्षक प्रतिनिधि तथा सम्बन्धित प्रधानाध्यापक उम्मेदवारलाई भने मताधिकार दिइने छैन।

तर वैठक बस्नु पूर्व विद्यालय व्यवस्थापन समिति सदस्यहरुलाई सूचना गरेको हुनुपर्ने छ र कोहि सदस्य सूचना पाएर पनि अनुपस्थित भएकै कारण वैठक रोकिने छैन।

१३) शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूची १३ को बुँदा नं. ६(क) बमोजिमको अङ्क प्रदान गर्न शिक्षा विकास तथा समन्वय इकाईमा ७(सात) दिनको समयावधि भित्र मूल्याङ्कन गरी अङ्कन गर्न अनुरोध गरी समितिले पत्राचार गर्नुपर्ने छ साथै ६(ग) बमोजिमको अङ्क प्रदान गर्दा समितिले ३ (तीन) दिनको समयावधि तोकी अङ्क प्रदान गर्न शिक्षकहरुलाई एक सूचना जारी गर्नु पर्नेछ। यसरी अंक दिँदा गोप्य खामबन्दी गरी समितिमा उपलब्ध गराउनु पर्नेछ साथै समितिले पनि प्रदान गरेको अंकको गोपनीयता कायम गर्नु पर्नेछ।

तर उपरोक्तानुसारको समयावधि भित्र अङ्क पेश नभएमा वा प्राप्त नभएमा यसै कारणले मात्र छनोट प्रकृया रोकिने छैन।

* पहिलो संशोधन

१४) शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूची १३ को बुँदा नं. ४ बमोजिमको "अध्यापन गरेको विषयको औषत उत्तीर्ण प्रतिशत " गणना गर्दा निजले अध्यापन गरिरहेको कुनै एक विषयको मात्र कक्षागत औषत उत्तीर्ण प्रतिशतलाई गणना गरे पुग्छ। सम्बन्धित उम्मेदवारले यस्तो अध्यापन गरेको विषयको औषत उत्तीर्ण प्रतिशत सम्बन्धित विद्यालयको प्रधानाध्यापकबाट प्रमाणित गराई समितिले माग गरेको ३(तीन) दिन भित्र पेश गर्नु पर्नेछ।

१५) हाल प्रधानाध्यापक वा निमित्त प्रधानाध्यापक जनाई कार्यरत शिक्षक नै प्रधानाध्यापक पदमा उम्मेदवार भएमा समितिको सदस्य सचिव भई काम गर्ने गरी विद्यालय व्बस्थापन समितिले निर्णय गरी उम्मेदवार नरहेका शिक्षकलाई तोक्नु पर्नेछ।

१६) समितिले नियुक्तिका लागि शिफारिस गरेको शिक्षकलाई शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९३ को उपनियम ७ बमोजिम तोकिएको अवधि भित्र शिक्षा विकास तथा समन्वय इकाई प्रमुखले नियुक्ति नगरेमा सोही प्रकृया पुर्याई गाउँ शिक्षा समितिको निर्णयबाट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नु पर्नेछ।

१७) शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को नियम ९३ बमोजिम प्रधानाध्यापक नियुक्ति गर्ने प्रयोजनका लागि यस अघि भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ। यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य ब्यबस्थाहरु प्रचलित ऐन नियमानुसार हुनेछन्।

देवराज चौधरी
अध्यक्ष

* पहिलो संशोधन

अनुसूची-१

प्रधानाध्यापक छनौटका आधारहरु (शिक्षा नियमावली,२०५९ (शंसोधन सहित) को अनुसूची १३ मा व्यबस्था भएको)

| क.स. | अंकनका आधारहरु | अंक | कैफियत |
|---|---|---|---|
| १ | **शैक्षिक योग्यता** | २५ | |
| क. | न्यूनतम शैक्षिक योग्यता | १५ | प्रथम श्रेणीको १५,दोस्रो श्रेणी १३,तेस्रो श्रेणीको ११ |
| ख. | माथिल्लो शैक्षिक योग्यता | १० | प्रथम श्रेणीको १०,दोस्रो श्रेणी ८,तेस्रो श्रेणीको ६ |
| २. | **शिक्षण अनुभव** | २५ | प्रथम श्रेणीको भए बर्षको २.५,दोस्रो श्रेणीको भए बर्षको २ र तृतीयश्रेणीको भए बर्षको १.५ को दरले( स्थायी वा अस्थायी वा दुवै सेवा वापत),तर हाल सम्बन्धित तहमा स्थायी नियुक्ति लिई कार्यरत रहेको हुनुपर्ने। तर महिलाको हकमा २५ अंक ननाघ्ने गरी २०% अंक थप गरिने छ। |
| ३. | **तालिम** | १२ | |
| क. | शैक्षिक तालिम | १० | प्रथम श्रेणीको १०,दोस्रो श्रेणी ८,तेस्रो श्रेणीको ६ अंक भार हुने। |
| ख. | विद्यालय व्यबस्थापन तालिम | २ | एकमुष्ट २ अंक। |
| ४ | **अध्यापन गरेको विषयमा प्राप्त नतिजा** | १२ | नियमानुसार बर्षको ४ अंकका दरले। लगातार अघिल्लो ३ बर्षको गणना गरिने। |

देवराज चौधरी
अध्यक्ष

* पहिलो संशोधन

| | | | |
|---|---|---|---|
| ५ | विद्यालय विकास प्रस्ताव | १४ | |
| क. | विद्यालय विकास प्रस्ताव | १० | ४०- ८० प्रतिसत। घटीबढी दिनुपरेमा पुष्ट्याईं दिनु पर्ने। |
| ख. | विद्यालय विकास प्रस्ताव प्रस्तुति | ४ | ४०- ८० प्रतिसत। घटीबढी दिनुपरेमा पुष्ट्याईं दिनु पर्ने। |
| ६ | **नेतृत्व लिने क्षमता** | १२ | |
| क. | शिक्षा विकास तथा समन्वय इकाई प्रमुखको मूल्याङ्कनबाट | ५ | नियमावलीले तोकेको ढाँचामा अत्युत्तम १.२५,उत्तम १,मध्यम ०.७५,सामान्य ०.५ |
| ख. | व्यबस्थापन समितिको मूल्याङ्कनबाट | ५ | नियमावलीले तोकेको ढाँचामा हरेक सूचकको अत्युत्तम १.२५,उत्तम १,मध्यम ०.७५,सामान्य ०.५ अंकभार दिन सकिने। सबैको औषत निकाली गणना गरिने। |
| ग. | सम्बन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कनबाट | २ | नियमावलीले तोकेको ढाँचामा हरेक सूचकको अत्युत्तम ०.५,उत्तम ०.४,मध्यम ०.३,सामान्य ०.२ हुने। |
| जम्मा | | १०० | |

देवराज चौधरी
अध्यक्ष

* पहिलो संशोधन

अनुसूची -२

## शिक्षा विकास तथा समन्वय इकाई प्रमुखले "नेतृत्व लिने क्षमता" को मूल्याङ्कन गर्ने आधारहरु र मापदण्ड

मूल्याङ्कन गरिएको शिक्षकको नामः ..................................................................

| मूल्याङ्कनका आधारहरु | अति उत्तम(१.२५) | उत्तम(१) | मध्यम(०.७५) | सामान्य(०.५) |
|---|---|---|---|---|
| क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील | | | | |
| ख)विद्यालयको शैक्षिक गुणस्तर प्रति समर्पण भाव | | | | |
| ग)विद्यार्थी,शिक्षक र व्यवस्थापन वीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| घ)उत्तरदायित्व र पारदर्शिता सम्वन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

देवराज चौधरी
अध्यक्ष

दस्तखतः

नामः

पदः

मिति

* पहिलो संशोधन

अनुसूची -३

## सम्वन्धित विद्यालयका शिक्षकहरुले "नेतृत्व लिने क्षमता"को मूल्याङ्कन गर्ने आधारहरु र मापदण्ड

मूल्याङ्कन गरिएको शिक्षकको नामः ..........................................................

| मूल्याङ्कनका आधारहरु | अति उत्तम (०.५) | उत्तम (०.४) | मध्यम (०.३) | सामान्य (०.२) |
|---|---|---|---|---|
| क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील | | | | |
| ख) विद्यालयको शैक्षिक गुणस्तर प्रति समर्पण भाव | | | | |
| ग) विद्यार्थी,शिक्षक र व्यवस्थापन वीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| घ) उत्तरदायित्व र पारदर्शिता सम्वन्धी व्यवहार | | | | |
| जम्मा | | | | |

दस्तखतः

नामः

पदः

मितिः

* पहिलो संशोधन

अनुसूची-४

## प्रधानाध्यापक छनौट अन्तिम प्राप्ताङ्क तालिका

| | | | उम्मेदवार(क) ................................ ....... ले प्राप्त गरेको प्राप्ताङ्क | उम्मेदवार(ख) ............................ .......... ले प्राप्त गरेको प्राप्ताङ्क | उम्मेदवार(ग) ..................... .................. ले प्राप्त गरेको प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| क्र.स. | अंकनका आधारहरु | पूर्णाङ्क | | | |
| १ | **शैक्षिक योग्यता** | २५ | | | |
| क. | न्यूनतम शैक्षिक योग्यता | १५ | | | |
| ख. | माथिल्लो शैक्षिक योग्यता | १० | | | |
| २. | **शिक्षण अनुभव** | २५ | | | |
| ३. | **तालिम** | १२ | | | |
| क. | शैक्षिक तालिम | १० | | | |
| ख. | विद्यालय व्यबस्थापन तालिम | २ | | | |
| ४ | **अध्यापन गरेको विषयमा प्राप्त नतिजा** | १२ | | | |

देवराज चौधरी
अध्यक्ष

* पहिलो संशोधन

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विद्यालय विकास प्रस्ताव | १४ | | | |
| क. | विद्यालय विकास प्रस्ताव | १० | | | |
| ख. | विद्यालय विकास प्रस्ताव प्रस्तुति | ४ | | | |
| ६ | नेतृत्व लिने क्षमता | १२ | | | |
| क. | शिक्षा विकास तथा समन्वय इकाई प्रमुखको मूल्याङ्कनबाट | ५ | | | |
| ख. | व्यबस्थापन समितिको मूल्याङ्कनबाट | ५ | | | |
| ग. | सम्बन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कनबाट | २ | | | |
| जम्मा | | १०० | | | |

दस्तखतः
दस्तखतः
नामः
पदः

दस्तखतः
नामः
पदः

दस्तखतः
नामः
पदः

दस्तखतः
नामः
पदः

मितिः

देवराज चौधरी
अध्यक्ष

* पहिलो संशोधन

(नोटः तीन भन्दा बढी उम्मेदवारहरु भएमा यसै बमोजिम तालिका विस्तार गरी गर्न सकिने छ।)

आज्ञाले,
रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत

* पहिलो संशोधन